# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS
**BROADCAST 18.40HRS DATE:22.03.2024**

***CAP***

सिटिजन एक्शन पार्टी, सिक्किमले आगामी विभानलभा चुनाउका लागि चौधजना उम्मेदवारहरूका नाउँको घोषणा गरेको छ। पार्टीद्वारा आज जारी गरिएको पहिलो सूचीमा पूर्व मन्त्री श्री दाउचो लेप्चाको नाम पनि सामेल छ। उहाँले गान्तोक सम्स्टिवाट चनाउ लड्नुहुनेछ। अन्य उम्मेदवारहरू हुन् नाम्ची सिंगिथाङवाट श्री महेश राई, योक्सम टाशीडिङवाट श्री जिम्मी भुटिया, याङथाङवाट श्री फिपधोज लिम्बु, जूम सालघारीवाट श्री कौशल लोहागुन, नाम्थाङ रातोपानीवाट श्री हरिचन्द्र छेत्री, अप्पर तादोङवाट श्री रवि गुरूङ, आरिथाङवाट श्री रिकेश प्रधान, अप्पर बुर्तुकवाट श्री भीम कुमार तामाङ, जंगु निर्वाचन क्षेत्रवाट श्री जोर्बु छिरिङ लेप्चा नाम्चेबुङवाट श्री सेभरिन राई, दरमदिनवाट श्री पेम दोर्जी शेर्पा। खाम्दोङ सिङतामवाट श्रीमती सुमती छेत्री, र संघ सीटवाट छाम्पो नोर्चु लेप्चा गान्तोक जिल्ला अन्तर्गत अदमपुल स्थित पार्टी मुख्यालयमा पार्टीको संसदीय समितिका सदस्य श्री डी वी चौहानले भन्नुभयो समितिको हिजो बसेको बैठकमा बत्तीसैवटा विधानसभा सीट र लोकसभाको एउटा सीटका लागि उम्मेदवारहरू चयन गरियो। उहाँले आउँदो आइतवार चौबिस मार्च भित्रमा दोस्रो चरणको सूची जारी गरिने जानकारी दिनुभयो। रण रहोस सिटिजन एक्शन पार्टी, सिक्किमे अघिवाटै पार्टीका प्रमुख समन्वयक श्री गणेष कुमार राईलाई मुख्यमन्त्री पदका उम्मेदवार घोषित गरिसकेको छ।

***ECI Preparations***

भारतको निर्वाचन आयोग आम चुनाउको तयारीमा जुटेको छ। स्वतन्त्र र निस्पक्ष चुनाउका लागि आयोगले दुई हजार एक सय पर्यविक्षकहरूको टीम तैनात गरेको छ। यी पर्यविक्षकहरूले देशभरिका जिल्ला चुनाउ अधिकारीहरू र रिटर्निङ अधिकारीहरूमाथि ध्यान केन्द्रीत गर्नेछन्।

***EO meeting***

आम चुनाउ 2024 मा गान्तोक जिल्लाका लागि खर्च पर्यविक्षकहरू श्री एस सुन्दरसाम श्री जे प्रेमानन्द र श्री प्रसून कान्ना गान्तोकको सिच्छे स्थित जिल्ला प्रशासनिक केन्द्रमा आयोजित बैठकमा सहभागी हुनुभयो। उहाँहरूले चुनाउको तयारीवारे मूल्याङ्कन गर्नका साथै मनोनित अधिकारी समक्ष विस्तृत रिपोर्ट समयमा बुझाउनुपर्ने आवश्यक्तामाथि जोड़ दिनुभयो। बैठकमा सिक्किम पुलिस जिल्ला स्तरीय ब्याङ्किङ समिति, आवकारी विभाग, बन तथा पर्यावरण विभाग, पर्यटन, परिवहन विभाग, र डाक तथा आयकर विभागका नोडल अधिकारीहरू सहायक खर्च पर्यविक्षकहरू र लेखा सम्वन्धी टीमहरूले भाग लिए।

***EO geyzing visited NAKA stations***

चुनावी प्रक्रियामा सत्यनिस्ठा सुनिश्चित गर्ने उद्देश्यले गेजिङ जिल्लाका लागि खर्च पर्यविक्षक श्रीमती अमुलदीप कौरले आज सम्वन्धित क्षेत्र भित्रका नाकाबन्दी केन्द्रहरूको भ्रमण गर्नका साथै फलाङङ स्क्वाट टोलीसित भेट गर्नुभयो। फ्लाइस स्कावाड टीमलाई उनीहरूको जिम्मेवारीवारे अवगत गराउँदै उहाँले निगरानी खर्च गरितिधिहरू र चुनावी दिशानिर्देशको महत्ववारे प्रकाश पार्नुभयो। सात माइल र पेलिङमा अवस्थित नाकाबन्दी केन्द्रहरूको निरीक्षणका बेला श्रीमती कौरले यी केन्द्रहरू संचालनको स्तरवारे जानकारी दिनुभयो।

***EO soreng***

यसै गरी सोरेङ जिल्लाका लागि खर्च पर्यविक्षक श्री श्रीकान्त एन ले पनि नोडल अधिकारी र सम्पर्क अधिकारीसँग रिञ्चेनपोङ निर्वाचन क्षेत्र अन्तर्गत कलुक फाटक र रेशी फाटकमा अवस्थित यस्तै दुईवटा केन्द्रको निरीक्षण गरी चुनाउका तयारीको समक्षीमा गर्नुभयो। उहाँले स्टाटिक सर्विलेन्स टीमका सदस्यहरूसित पनि कुराकानी गर्दै उनीहरूलाई वाहनहरूको जाँच सम्वन्धी निर्देश दिनुभयो।

***World water day***

आज विश्व जल दिवस मनाइयो। स्वच्छ जलको महत्वलाई ध्यान राखेर यो दिवस प्रतिवर्ष बाइस मार्चमा मनाइन्छ। विश्व जल दिवसले मानिसहरू संगठन र सरकारलाई पानीसित सम्वन्धित तत्कालचुनौतीहरूको सामना गर्नका लागि एउटै मंचमा ल्याउँछ। यो दिन शैक्षिक कार्यक्रमहरू र समुदाय संचालित अभियानहरूको माध्यमद्वारा सबैका लागि स्वच्छ पानी र स्वच्छता सुनिश्चित गर्ने प्रयास हो। यो वर्ष जल दिवसको विषयवस्तु 'समृध्दि र शान्तिका लागि जस' हो। यसले विश्वभरि सहयोग र स्थिरतालाई प्रोत्साहित गर्नमा पानीको महत्वपूर्ण भूमिकामाथी जोड़ दिँदछ। यो वर्ष विश्व जल दिवसले सबैलाई पानी पुगेको सुनिश्चित गर्ने र शान्ति स्थापनाका लागि एउटा माध्यमको रूपमा पानीलाई महत्व दिनका लागि अन्तरास्ट्रिय स्तरमा सहयोगको आहवान गरेको छ। संयुक्त रास्ट्र महासभाले पर्यावरण तथा विकासमाथि 1992 को संयुक्त रास्ट्र सम्मेलनका सिफारिशहरूपछि 1993 मा बाइस मार्चलाई विश्व जल दिवसको रूपमा घोषित गरेको थियो।

***World water day PM***

यसौवीच प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ सरकार, स्वच्छ जल प्रवन्ध्नको दिशामा काम गर्न प्रतिवध्द छ।

आज विश्व जल दिवसको अवसरमा एउटा सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ पानी हाम्रो जीवनका लागि महत्वपूर्ण छ र सरकार यो बहुमूल्य संसाधनको रक्षाका लागि कृतसंकल्प छ।